# कोटहीमाई गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड: ७ संख्या: ४ मिति: २०८१/१२/०७**

## भाग-२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कोटहीमाई गाउँपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरि एको छ।

## कोटहीमाई गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधी, २०८०

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चितता गर्न बाञ्छनिय भएकाले कोटहीमाई गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम कोटहीमाई गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधी, २०८० रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ।

२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "कार्यविधि" भन्नाले कोटहीमाई गाउँपालिकाका करार कर्मचारीहरुलाई
योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधी, २०८० सम्झनु पर्दछ।

(ख) " गाउँकार्यपालिका" भन्नाले कोटहीमाई गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले कोटहीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले कोटहीमाई गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(च) "वडा" भन्नाले कोटहीमाई गाउँपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले कोटहीमाई गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहत रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष " भन्नाले कोटहीमाई गाउँ कार्यपालिकाका अध्यक्ष सम्झनु पर्दछ।

(झ) "उपाध्यक्ष" भलाले कोटहीमाई गाउँ कार्यपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" कोटहीमाई गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्दछ ।

(ठ) "करारका कर्मचारी भन्नाले कोटहीमाई गाउँपालिका, गाउँपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

## ३. जिम्मेवारी र उत्तरदायित्वः

(१) गाउँपालिका भित्र वडा कार्यालय र यस मातहत रहेका कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ ।

(२) गाउँ कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुलाई बार्षिक रुपमा आवश्यक पर्ने कर्मचारिहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी गाउँसभाबाट बिनियोजित गराउनु पर्नेछ ।

(३) कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय वा गाउँपालिका कार्यालय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक 'सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वत लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य कोटहीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) कोटहीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ११ प्रतिशत र रोजगारदाताको तर्फबाट २० प्रतिशत गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ।

**४. समिति गठनः** (१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
(ख) आर्थिक प्रशासन शाखा- - सदस्य
(ग) कर्मचारी प्रशासन शाखा -प्रमुख सदस्य सचिव
(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) गाउँ कार्यपालिकाका निरन्तर ६ महिना वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने।

(ग) अनलाईन माध्यमबाट गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरि सूचिकरण गर्ने वा गराउने।
(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने

५. थपघट, हेरफेर वा संशोधन गाउँसभा/कार्यपालिकाले यस कार्यबिधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ।

६. बाधा अड्काउ फुकाउः यो कार्यबिधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यबिधिको मूलमर्म प्रतिकूल नहुने गरि गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

आज्ञाले:
दिनेश कुमार गौड(कहार)
प्रमुख प्रशासकीय अधिकृत